# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## (परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

Faculty of Management
Office of the Dean
Kirtipur

मितिः- २०८१ । ०२ । २८

## मौका परीक्षाको परीक्षा फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकायबाट संचालित सिमेष्टर प्रणालीको Master of Business Studies (MBS) तथा Master of Public Administration (MPA) कार्यक्रमको चौथोसत्रको मौका परीक्षा (Chance examination) **२०८१ श्रावण महिनाको पहिलोसातादेखि** संचालन हुने भएकोले **उल्लेखित कार्यक्रममा सन् २०२१ मा भर्नाभई चौथोसत्रको नियमित परीक्षामा अधिकतम दुई विषयसम्ममात्र अनुतीर्ण/अनुपस्थित भएका परीक्षार्थीहरुले** आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरि परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८१ । ०३ । १४ गते भित्र बुझाई सक्नुपर्नेछ । साथै सम्बन्धित क्याम्पस / कलेजले सो परीक्षा फाराम मिति २०८१ । ०३ । १७ गते भित्र क्रमानुसार रोल नं. मिलाई एवं विषय रुजुगरी आवश्यक शूल्क (प्रति परीक्षार्थी प्रति विषय रु ३०० का दरले) र यस परीक्षा नियन्त्रण महाशाखाको Website: fomecd.edu.np मा उपलब्ध गराईएको नमुना बमोजिमको समष्टिगत विद्यार्थी विवरण फारम समेत अनिवार्य रुपमा उपलब्ध गराउन यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त समष्टिगत विद्यार्थी विवरण को electronic copy यस महाशाखाको email id: mgmtdean.exam@gmail.com मा समेत उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**विलम्ब शूल्क :** मिति २०८१ । ०३ । १८ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ । म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

*नोटः*

*(क) नियमित परीक्षाको Result Ledger / लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने छ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्वीकृत गरीने छैन ।*

*(ख) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(ग) परीक्षार्थीहरुले आफ्नो परीक्षा फारमको शुल्क सम्बन्धित क्याम्पस / कलेजमा दाखिला गर्ने र सम्बन्धित क्याम्पस / कलेजले परीक्षाशुल्क एकमुष्ट रुपमा डीनको कार्यालय, व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नाममा रहेको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-००० ९९०६६००००१ मा जम्मा गरी सोको सक्कल भैचर परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन